युवा तथा साना व्यवसायी स्वरोजगार कोष

# कर्जा लगानी तथा असूली कार्यविधि, २०७७

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष

# कर्जा लगानी तथा असूली कार्यविधि, २०७७

कोषको कर्जा लगानी तथा असूली कार्यलाई व्यवस्थित गर्न युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम ३७ बमोजिम युवा तथा साना व्यवसायी स्वरोजगार कोषको समितिले यो कार्यविधि बनाएकोछ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:-** (१) यो कार्यविधिको नाम "युवा तथा साना व्यवसायी स्वरोजगार कोष, कर्जा लगानी तथा असूली कार्यविधि, २०७७" रहेकोछ ।

(२) यो कार्यविधि कोष सञ्चालक समितिबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा:- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "अनुगमन" भन्नाले कर्जाका लागि आशय पत्र पेश गरेका ऋणीहरुको कर्जा लगानी पूर्वको स्थलगत अनुगमन तथा थोक कर्जाका लागि कोषले प्रस्ताव आह्वान गरे बमोजिम प्रस्ताव पेश गरेका बैङ्क, वित्तीय एवम् सहकारी संस्था, स्वोजगार हुन चाहने व्यक्तिहरूको कर्जा लगानी पूर्व गरिने स्थलगत अनुगमन तथा छनोट भएका व्यक्ति तथा संस्थाहरू र ती संस्थाहरूले तथा कोषले कर्जा लगानी गरेका कर्जाग्राहीद्वारा सञ्चालित युवा स्वरोजगार परियोजनाहरूको अवलोकन, निरीक्षण तथा सुपरीवेक्षण एवं गैर स्थलगत र तेश्रो पक्षबाट गरिने अनुगमन भन्ने सम्झनु पर्दछ ।

(ख) "ऋणी" भन्नाले कोष मार्फत स्वरोजगार कर्जाको लागि कर्जा माग गर्ने बैङ्क, वित्तीय एवम् सहकारी संस्था र कोषको ऋण प्राप्त गरेको व्यक्ति वा समूह सम्झनु पर्दछ ।

(ग) "एकाघरपरिवार" भन्नाले कोषबाट थोककर्जा लिने बैङ्क, वित्तीय संस्था वा सहकारी सङ्घ संस्थाका पदाधिकारी सदस्य एवम् ती संस्था मार्फत वा कोषबाट कर्जा लिने कर्जाग्राही, व्यवसायी एवम् निजहरूसँग सँगोलमा बस्ने रीतपूर्वक अंशबण्डा भई छुट्टी भिन्न नभएका वा सँगोलमा नबसे पनि संयुक्त घर व्यवहार गरी आएका बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, पति, पत्नी, छोरा, छोरी, दाजु, भाई, अविवाहित दिदी, बहिनी, धर्मपुत्र, धर्मपुत्री समेतलाई एकाघरपरिवारका सदस्य भन्ने सम्झनु पर्दछ ।

(घ) "कर्जा" भन्नाले कोषबाट प्रवाह गरिने कर्जा, लगानी वा ऋण भन्ने सम्झनु पर्दछ । साथै यस प्रयोजनको लागि कोषबाट प्रवाह गरिएको कर्जाबाट प्राप्त हुने ब्याजलाई समेत जनाउँदछ ।

(ङ) "कर्जाग्राही" भन्नाले कोषबाट प्रदान गरिने कुनै पनि कर्जा कार्यक्रममा सङ्लग्न हुने बैङ्क, वित्तीय एवम् सहकारी संस्था, व्यक्ति वा समूह भन्ने सम्झनु पर्दछ ।



मा.मन्त्री दावा तामाङ
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं